बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
## सामाजिक विकास कार्यालय
हेटौंडा, नेपाल

## तालिम कार्यक्रम सञ्चालन गर्नको लागि आशय पत्र माग सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/१०/०६)

१. बागमती प्रदेश सरकार, सामाजिक विकास कार्यालय, हेटौंडा नेपालबाट आ.व. २०८२/०८३ को वार्षिक कार्यक्रम अनुसार श्रमबजारको माग अनुसार उच्च संम्भाव्यता भएको क्षेत्रमा सीपमुलक तालिम सञ्चालन (Conducting Skill-Based Training in Areas with High Potential According to Labor Market Demand) (EOI: SDO-Makawanpur-SBT-1/082/083) सम्बन्धी कार्यक्रम तोकिएको तालिमको विषय, लक्षित वर्गका, अवधि, समुह, संख्या र स्थानमा सञ्चालन गर्ने प्रयोजनार्थ इच्छुक योग्य तालिम प्रदायक फर्म, संस्था वा कम्पनीहरूको संक्षिप्त सूची तयार गर्नको लागि आशयपत्र (EoI) माग गरिएको छ ।

२. प्रस्तावित तालिम कार्यक्रमको खर्च प्रदेश सरकारको श्रोतबाट व्यहोरिनेछ ।

३. तालिमको क्षेत्र
(क) सेवा क्षेत्र (ख) होटल व्यवस्थापन तथा पर्यटन क्षेत्र (ग) होजियारी तथा तयारी पोशाक क्षेत्र

४. तालिम सञ्चालन गर्नु पर्ने स्थानः मकवानपुर, चितवन र सिन्धुली ।

५. आशयपत्रदाता फर्म, संस्था वा कम्पनीको योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।
(क) फर्म, संस्था वा कम्पनी सम्बन्धित कार्य गर्ने गरी दर्ता/नविकरण भएको (ख) स्थाई लेखा नं. र मू.अ.करमा दर्ता भएको (ग) समान प्रकृतिको काममा विगत ५ वर्ष देखि संस्थागत कार्य गरेको अनुभव भएको (घ) प्राविधिक आर्थिक क्षमता, अनुभव र योग्यता सम्बन्धित विषयको तालिम दिलाउने कामको लागि ग्राहय भएको (ङ) आशय पत्र पेश गर्ने फर्म, संस्था वा कम्पनीको उद्देश्य सम्बन्धित तालिम सञ्चालन गर्न मिल्ने देखिएको (च) कुनै निकायबाट स्वीकृति लिई संचालन गर्नु पर्ने तालिमको हकमा सो निकायबाट स्वीकृति लिएको ।

६. आशयपत्रदाताले पेश गर्नु पर्ने कागजात र विवरण देहाय अनुसार हुनेछ ।
(क) फर्म, संस्था वा कम्पनीहरुको विवरण संगठन र जनशक्ति (ख) संयुक्त उपक्रममा कार्य गर्ने भए मुख्य र साझेदार कम्पनी (एक मात्र) को नाम, ठेगाना सहितको विवरण र मुख्य भई काम गर्ने फर्म वा कम्पनीको नाम र सम्पादन गर्ने कामको अंश (ग) फर्म संस्था वा कम्पनीको दर्ता प्रमाणपत्र, स्थाई लेखा नं. र मू.अ.करमा दर्ता प्रमाणपत्रको प्रतिलिपि (घ) विगत ५ वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको विवरण (ङ) प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण (च) आ.व. २०८१/२०८२ वा नवीकृत अवधि सम्मको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि र सोही आ.व.को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि (ङ) आशयपत्र खरिदको राजस्व खातामा रकम जम्मा गरेको भौचर ।

७. प्रस्तावित कार्यक्रम सम्पन्न गर्न लाग्ने समय २०८३ जेष्ठ मसान्त सम्म रहनेछ ।

८. आशयपत्र पेश गर्ने फर्म, कम्पनी र संस्थाहरूले एक भन्दा बढी क्षेत्रका विषयको लागि छुट्टाछुट्टै आशयपत्र पेश गर्नु पर्नेछ ।

९. आशयपत्र सम्बन्धी कागजात पेश गर्ने फर्म, संस्था वा कम्पनीहरुले तपसिल बमोजिमको राजस्व खातामा प्रति तालिमका क्षेत्र रु. १,०००/- (फिर्ता नहुने गरी) जम्मा गरी उक्त भौचर आशयपत्र कागजातमा संलग्न राखी पेश गर्नु पर्ने छ । आशय पत्र (EoI) फाराम कार्यालयको website: sdohetauda.bagamati.gov.np मा वा e-GP System को website: bolpatra.gov.np/egp बाट प्राप्त गर्न सकिने छ ।
क) बैंकको नामः राष्ट्रिय वाणिज्य बैंक लि., हेटौंडा, नेपाल
ख) कार्यालयको नामः सामाजिक विकास कार्यालय, हेटौंडा, नेपाल
गं) कार्यालय कोड नं. ३५००१३२०४३
घ) राजस्व शीर्षक नं. १४२२९
ङ) राजस्व खाता नं. १०००१००२०००१००००

१०. आशयपत्र दाताहरूबाट पेश गरिने कागजातहरू सूचना प्रकाशन मितिले १६ औ दिनको १२:०० बजे भित्र e-GP System को website: bolpatra.gov.np/egp मा पेश गर्नु पर्नेछ । अन्तिम मितिको दिन बिदा परेमा सोको भोलि पल्ट दिनको १२:०० बजे भित्र पेश गर्नु पर्नेछ । उक्त दिनको दिउसो १:०० बजे e-GP System मा प्राप्त भएका आशयपत्रहरू डाउनलोड गरिने छ । म्याद नाघि वा रित नपुगी प्राप्त आशयपत्र उपर कुनै कारवाही हुने छैन ।

११. आशयपत्र कुनै कारण जनाई वा नजनाई छनौट र सूचिकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहनेछ ।

१२. अन्य थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नं. ९८४५१०२९९७ मा सम्पर्क गर्न सकिनेछ ।

कार्यालय प्रमुख